नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००३०९, ४२००२८१

मितिः २०७७/५/१८

पत्र संख्याः- ०७७/७८

विषयः-वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।

चलानी नं.:- ८५

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

श्री उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

तपशील अनुसारको अध्ययन तालिम कार्यक्रममा तहाँबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख को उपदफा गठित समितिको बमोजिम (३) बैठकबाट मिति २०७६/१२/०४ मा निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी **मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना** आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको **कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य** रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णायानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भई सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा **सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका** कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपशीलः

| क्र.सं | अध्ययन/तालीम / अध्ययन भ्रमणको विषय | सिट संख्या | अध्ययन/ तालीम/ अध्ययन भ्रमण | अवधि | फाराम बुझाउने अन्तिम मिति | कार्यक्रम हुने देशसंस्था / | आवश्यक योग्यता वाअन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| १. | **" Nuclear Power Plant Engineering and Energy Policy and Engineering "** | **not stated** | **study** | **academic year 2021-2023** | **KINGS ULsan 45014 Korea** | **31 O ctober 2020** | **• Minimum of 36 credits, Minimum GPA of B-(2.7/4.3)<br>• Proficiency in English.<br>• Good health.<br>• Must have the experience on the field of energy related institutions.** | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, उर्जा जलश्रोत तथा सिँचाई मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले मनोनयन गर्ने । |

(राजन थापा)

शाखा अधिकृत